कालिगण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

वर्ष ५ संख्या १२ चैत्र ५ गते, शनिबार २०७८

## भाग ३

कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी

# कालिगण्डकी गाउँपालिकाको

# साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७८

सम्वत् २०७८

स्वीकृत मिति २०७८/१२/०५

**प्रमाणीकरण र प्रकाशन मिति :- २०७८/१२/०५**

## प्रस्तावना

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न “**कालिगण्डकी गाउँपालिकाको** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धि ऐन २०७८” परिच्छेद ५ को दफा १३ को अधिनमा रही यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम **“कालिगण्डकी गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७८”** रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

### २. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “कार्यविधि” भन्नाले कालिगण्डकी गाउँपालिकाका साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७८ लाई सम्झनु पर्छ ।

ख) ‘‘कार्यक्रम' भन्नाले साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७८ को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

ग) “अनुदान” भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृँखला, बजारीकरण, पूर्वाधार

निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनुपर्दछ ।

घ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही सम्झनुपर्दछ ।

## परिच्छेद २
## साझेदारी कार्यक्रमका क्षेत्र

**३. साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहाय अनुसार हुनेछन् :-**

क) शिक्षा

ख) स्वास्थ्य

ग) कृषि

घ) पशु विकास

ङ) भौतिक पुर्वाधार

च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

छ) खानेपानी तथा सरसफाई

ज) रोजगारी तथा स्वरोजगार सृजना

झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना

ञ) वन तथा वातावरण संरक्षण

ट) संस्थागत विकास तथा सुशासन

ठ) साना किसानद्धारा प्रर्वद्धित सहकारी लगायतका संस्थाहरुको सवलीकरण

ड) स्थानीय उत्पादनको संकलन, प्रसोधन तथा बजारीकरण

# परिच्छेद ३
# साझेदार छनौट प्रक्रिया

## ४.साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन् :-

क) साझेदारीको लागि छनौट गरिएका कार्यक्रम वा योजनाको छनौट गरी गाउँसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

ख) प्रस्तावको ढाँचाः साझेदारी कार्यक्रम संचालन गर्नको लागि माग गरिने प्रस्तावको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।

ग) खुला रुपमा **अनुसूची १** बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नुपर्नेः साझेदारी कार्यक्रम गर्नु परेमा आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ। सो सम्बन्धि आशयपत्र संकलन गर्न कम्तीमा १५ दिनको अवधी दिई राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

२. दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

३. प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा गाउँपालिकाले पुनः राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधी दिई आशयपत्र माग गर्नुपर्नेछ ।

४. दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

५. बजेटको व्यवस्थाः साझेदारी कार्यक्रमको लागि साझेदारले अनिवार्य रुपमा सम्झौता बमोजिमको बजेट व्यवस्था गर्नुपर्नेछ ।

६. कार्यान्वयनको जिम्मेवारीः साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कस्को हुने भन्ने निर्णय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोकेबमोजिम हुनेछ ।

# परिच्छेद ४

## प्रस्ताव र छनौटका मादण्ड

७. यस कार्यविधि बमोजिम पर्न आएका आशयदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यांकन गरी गाउँपालिकाले आशयपत्रदाताको छनौट गर्नुपर्नेछ । छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :

क.आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत दुई वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ ।

ख. आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा पाँच वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

ग. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

घ. साझेदारी कार्यक्रम संञ्चालनको लागि लक्ष्य,उद्देश्य सहितको प्रस्ताव पेश गरेको तथा लक्ष्य हाँसिल गर्न सक्ने स्पष्ट क्रियाकलाप तय गरेको ।

ङ. आशयपत्र सहितको निवेदन **अनुसूचि २** बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ ।

८. **प्रस्ताव माग गर्ने :** दफा ४ (४) बमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात **अनुसूची १** बमोजिम पठाई कम्तीमा ३० दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ । प्रस्ताव सम्बन्धी कागजातकमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः

क. साझेदारी कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम । निजी तथा गैर सरकारी क्षेत्रसँगको लागत साझेदारी हुने भएकाले अनुमानित लागत समेत उल्लेख गर्नुपर्नेछ ।

ख. **अनुसूची ३** बमोजिमको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव अलग-अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो स्पष्टरुपमा उल्लेख गरी दुवै प्रस्तावलाई अर्को छुट्टै खाममा बन्दी गरी माग गरिएको साझेदारीको विषय उल्लेख गुर्नपर्नेछ,

ग. प्राविधिक तथा आर्थिक मूल्यांकन भार,

घ. प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,

ङ प्रस्ताव छनौट गुणस्तर तथा लागत विधिबाट छनौट गरिने,
च. तोकिए बमोजिमका अन्य कुरा ।

## परिच्छेद ५
## प्राविधिक समिति

९. साझेदारी कार्यक्रमको लागि पेश गरिएका आशयपत्र तथा प्रस्तावहरुको मूल्यांकन गरी छनौट सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट समिति गठन गरिनेछ :-

| | | |
|---|---|---|
| क. गाउँपालिका अध्यक्ष | - | संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| घ. सम्बन्धित विषयगत शाखा प्रमुख | - | सदस्य सचिव |

१०. कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ। प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

११. प्राविधिक प्रस्ताव मूल्यांकन गर्ने आधारहरु र अङ्कभार देहाय बमोजिमका कुनै वा सबै आधार आवश्यकता अनुसार खुलाउनु पर्नेछः

क. साझेदारी कार्यक्रमसँग सम्बन्धित साझेदारको कार्यानुभव- कुल अङ्कको पच्चीस प्रतिशत सम्म
ख. कार्य सम्पादन गर्ने प्रस्तावित तरिका (मेथोडोलोजी) गुणस्तर- कुल अङ्कको बीसदेखि पैंतीस प्रतिशत सम्म
ग. प्रस्तावित मुख्य जनशक्तिको योग्यता- कुल अङ्कको तीस देखि साठ्ठी प्रतिशत सम्म
घ. ज्ञान तथा प्रविधि हस्तान्तरण व्यवस्था- कुल अङ्कको दश प्रतिशत सम्म

# परिच्छेद ६
# कार्यक्रम संचालन तथा व्यवस्थापन

१२. साझेदारी कार्यक्रमको संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको गाउँपालिका स्तरिय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति रहनेछ-

| | | |
|---|---|---|
| क. गाउँपालिका अध्यक्ष | - | अध्यक्ष |
| ख. गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग. कार्यक्रम संचालन भएका वडाका वडा अध्यक्षहरु | - | सदस्य |
| घ. साझेदार संस्थाको प्रतिनिधि | - | सदस्य |
| ङ. सम्बन्धित विषयगत शाखा प्रमुख | - | सदस्य सचिव |

१३. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्ः-

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने ।

ग) कार्यक्रम मूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।

ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

१४. साझेदारीमा संचालित कार्यकमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछ :

क. कार्यकमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ ।

ख. कार्यकमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवासुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप-समूहहरु बनाई अगाडि बढ्न सकिनेछ ।

ग. लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई बैधानिक रुपमा संस्थागत गरी सहकारीहरु स्थापना गर्न सकिनेछ ।

घ. साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरुको व्यवस्था गर्न सक्नेछ ।

ङ. लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

च. कार्यक्रमको साझेदार छनौट भए पश्चात दुवै पक्षबिच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको बैठकले आवश्यकता अनुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ ।

छ. साझेदारीको न्यूनतम २५ प्रतिशत हिस्सा नगद वा साझेदारको मानव तथा भौतिक स्रोतको रुपमा गणना गर्न सकिनेछ। नगद हिस्सा साझेदारले संचालन गर्ने बैंक खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ। गाउँपालिकाको साझेदारी हिस्सा पनि सोही बैंक खाता मार्फत परिचालन गरिनेछ ।

ज. गाउँपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ । जस अर्न्तगत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ । कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा गाउँपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ। साझेदारीको समयावधी पहिलो आर्थिक वर्षमा ६ महिना भन्दा कम भएमा पेश्की एकै किस्तामा निकासा गर्न सकिनेछ ।

झ. गाउँपालिका तर्फको बजेट शिर्षकबाट खर्च गर्दा यस ऐन तथा कार्यविधिमा तोकिएमा सो बमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ ।

ञ. साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

ट. तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा पेश्की फरछ्यौट गरी आगामी चौमासिक बजेट निकासाका लागि साझेदारले पेश्की माग गर्नुपर्नेछ। साझेदारले आफ्नो तर्फको लागत खर्चको बिल भपाईको एक प्रति समेत गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने हुन्छ। चालू

आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

ठ. बहुवर्षीय कार्यक्रमको हकमा गाउँपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समायोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ ।

## १५. अनुदान उपलब्ध गराउने हकमा :

पालिकाले स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

क. अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ ।

ख. अनुदानको प्रकार र सीमा अनुगमन तथा मूल्यांकन समिति र साझेदारले निर्धारण गर्नेछन् ।

ग. अुनदानका लागि लाभग्राही छनौटः साझेदारी कार्ययोजनामा उल्लेख भए अनुसार भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि अनुगमन तथा मूल्यांकन समितिले पालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी लाभग्राही छनौट गर्नेछ ।

घ. अनुदान सामाग्री वितरण प्रकियाः

१. अनुदान प्रकियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ ।

२. भौतिक सामाग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी वा वडा कार्यालयका प्रतिनिधिको रोहवरमा गरिनेछ ।

३. नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि साझेदारले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ ।

४. भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रकियाको अभिलेखिकरण राख्नुपर्नेछ ।

५. वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन

नसकेमा तथा भू-परिभेषको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने वस्तुको हकमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरि वडा कार्यालयको रोहवरमा बहुल साना किसानहरुबाट सोझै खरिद तथा वितरण गर्न सकिने छ।

## परिच्छेद ७
## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

**१६. सम्झौता :** साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ४** बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

**१७. प्रतिवेदन :-** साझेदारी कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः-

क) कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ५** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

**१८. अनुगमन तथा मूल्यांकन :** कार्यक्रम अनुगमन तथा समन्वय समितिले चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ।

## परिच्छेद ८
## विविध

**१९. लेखापरीक्षण :**

क. साझेदारी कार्यक्रमको अन्तिम लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात प्रचलित कानून बमोजिम गाउँपालिकाले गर्नु पर्नेछ।

ख. साझेदारी कार्यक्रमको आन्तरिक लेखापरीक्षण प्रचलित कानुन बमोजिम गराउनुपर्नेछ।

ग. साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समाप्त पछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ। यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तिय विवरणको एक प्रति साझेदारले पालिकामा बुझाउनु पर्नेछ।

**२०. समन्वय :** साझेदारी कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र स्थानीय सरकारका निकायहरु बीच कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

**२१. खर्चमा बन्देज :** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शिर्षक बाट अर्कोमा रकमान्तरण गर्दा उक्त शिर्षकमा छुट्याइएको वार्षिक बजेटको १० प्रतिशत भन्दा माथिको रकमान्तरको हकमा अनुगमन तथा समन्वय समितिको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

**२२. कसुर र सजाय :**

क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छोड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

**२३. पारदर्शिता :** साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

**२४. उत्तरदायित्व :** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

**२५. संशोधन तथा हेरफेर :** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२६. **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :** गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२७. **प्रचलित कानुन लागु हुने :** साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाँउपालिकाको व्याख्या अन्तिम हुनेछ ।

# अनुसूची १

कालिगण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, पुर्तीघाट
लुम्बिनी प्रदेश, नेपाल

## साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्रस्ताव आह्वानको ढाँचा

## साझेदारीमा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति :-**

कालिगण्डकी गाउँपालिकाको कृषि तथा पशु वस्तुहरुको उत्पादन वृद्धि गरी गाउँपालिकाको कृषि क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले “साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८” कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आ.व. ०७९/०८० देखि शुरु गरी बहुवर्षिय रुपमा कार्यक्रम सञ्चालन गरिने भएकोले ईच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र तपशिल बमोजिमका विवरणहरु सहित प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु संलग्न नभएको प्रस्ताव उपर कुनै पनि कारवाही नहुने समेत सूचित गरिन्छ ।

**प्रस्तावना पेश गर्ने संस्थाको कार्यानुभव अनुसार हुनुपर्नेछ :**

- संस्था स्थापना भई कम्तिमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।
- स्वालम्वन समूह गठन तथा समाजिक परिचालनको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धी काम गरेको ।
- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मूल्य श्रृङ्खलाको क्षेत्रमा अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु वस्तु उत्पादनको लागि आवश्यक सेवा तथा वजारीकरण प्रबर्द्धनमा काम गरेको अनुभव भएको ।

- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धी कार्य गरेको ।
- कृषि तथा पशुविकाससँग सम्बन्धित स्रोत पुस्तिका, प्रचार सामाग्री, वृतचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकास सम्बन्धी संभाव्यता अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन सम्बन्धी काम गरेको ।
- नेपाल सरकारका विभिन्न निकायहरु वा स्थानीय वा प्रदेश सकारसंगको साझेदारी गरि काम गरेको ।
- लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाले कम्तीमा परियोजना संग सम्बन्धित सञ्चालन खर्च जस्तै कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय संचालन र व्यवस्थापन आदी आफैँले व्यवस्थापन गर्नुपर्नेछ ।
- संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्न संस्थालाई प्राथमिकता दिइने छ ।
- कम्तिमा ३० प्रतिशत लागत साझेदारीमा कार्यक्रम गर्नुपर्नेछ ।

**प्रस्ताव पत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- आधिकारिक निकायमा संस्था दर्ता तथा नविकरण प्रतिलिपि १ प्रति ।
- आ.व.०७७/०७८ को लेखा परीक्षणको प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी १/१ प्रति ।
- स्थायी खेला नम्बर र आ.व. ०७७/०७८ को करचुक्ता प्रमाण पत्र प्रतिलिपि १/१ प्रति वा करचुक्ता प्रमाण पत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाण पत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन १ प्रति ।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावनामा गाउँपालिका साझेदारी कार्यक्रम संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसुची १ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलवन्दी गरिएको १/१ प्रति ।
- परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकको वेवसाइटwww.gulmikaligandakimun.gov.np बाट डाउनलोड गरेर वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

- संयुक्त उपक्रममा प्रस्तावना पत्र पेश गर्ने संस्थाहरुवीचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
- प्रस्तावना पेशगर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति ।

प्रस्तावनाको ढाँचा र अन्य थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

# अनुसुची २

कालिगण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, पुर्तिघाट
लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशयपत्रको निवेदन को ढाँचा**

मितिः .........................

श्री ............ज्यू,
कालिगण्डकी गाउँपालिकाको, कार्यपालिकाको कार्यालय,
........... प्रदेश, नेपाल ।

**विषयः आशयपत्र पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा कालिगण्डकी गाउँपालिका ........... को स्वीकृत कार्यक्रम अनुसार ..................................... उद्देश्यका लागि “...................... साझेदारी कार्यक्रम” कार्यान्वयन गर्न यस ....................................... संस्थाले आशयपत्र पेश गरेको जानकारी अनुरोध छ ।

**निवेदक**

**संलग्न कागजातहरु**

**क. सम्बन्धित संस्थाको कागजातहरु**

१. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)
२. स्थायी लेखा नम्बर
३. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र
४. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य

जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति

५. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति

६. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति

७. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन

८. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण

९. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

# अनुसूची ३

कालिगण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, पुर्तिघाट
लुम्बिनी प्रदेश, नेपाल

## साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन
- व्यवस्थापन संरचना
    - संस्थागत सहकार्य
    - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्यांकन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना र हस्तान्तरण
१३. **आर्थिक प्रस्तावको ढाँचा**
- साझेदारको कुल लागत रकम। लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको प्रतिशत
- परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

# अनुसूची ४

कालिगण्डकी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पुर्तिघाट लुम्बिनी प्रदेश, नेपाल

## कार्यक्रम सम्झौता ढाँचा

श्री कालिगण्डकी गाउँपालिका (यस पछिका पहिलो पक्ष मानिने) र ...................... (यस पछि दोस्रो पक्ष मानिने गैरसरकारी संस्था) को संयुक्त साझेदारीमा सञ्चालन गर्न लागिएको ..........................................कार्यक्रम अन्तर्गतका स्विकृत प्रस्तावना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नका लागि तपसिलका सर्तहरु समेत पालना गर्ने गरी प्रथम पक्ष र दास्रो पक्षका बीच तपसिल बमोजिमको सहमति भई सहकार्यमा कार्य गर्न गराउन मन्जुर छौं ।

## तपसिल

१. दोस्रो पक्षले प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र सुरु गर्नुपर्नेछ ।
२. पहिलो पक्षले नियमित रुपमा कार्यक्रम सञ्चालन तथा स्रोतहरुको उपयोग तथा उपयोग तथ्याङ्क रेकडिङ्ग आदिको अनुगमन गरी कार्यक्रमलाई सफल पार्न सहजकर्ताको भूमिका निर्वाह गर्नेछ ।
३. कार्यक्रम सञ्चालन र प्रवर्द्धधनको लागि स्थानीय तह तथा अन्य सरोकारवाला सघ संस्थाहरुसंग स्रोत व्यवस्थापन एवम् परिचालनमा दोस्रो पक्षले समन्वय र सहकार्य गर्नु पर्नेछ ।
४. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।
५. यस सम्झौता लाई साझेदारीको सैद्धान्तिक सम्झौता मानी यसको पुरस्कार रुपमा परियोजनाको विस्तृत गतिविधि बजेट र अन्य कुराहरु उल्लेख भएको सम्झौता पत्र तयार गरी हस्ताक्षर गरी लिने दिने गरिनेछ ।
६. यस कार्यक्रम सञ्चालन गर्नको लागि मुख्य आधार गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७८ हुनेछ ।
७. दुवै पक्षको सहमतिमा आवश्यकता अनुसार सम्झौताको पुनरावलोकन गर्न सकिनेछ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| कालिगण्डकी गाउँपालिकाको तर्फबाट सहि गर्नेको | गैरसरकारी संस्थाको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालायको छापः |
| **साक्षीः** | **साक्षीः** |
| पहिलो पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखत |

# अनुसूची ५

कालिगण्डकी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, पूर्तिघाट
लुम्विनी प्रदेश, नेपाल

**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

- कार्यक्रमको पृष्ठभूमी
- लक्ष्य र उद्देश्य
- कार्यक्षेत्र
- कार्यान्वयन प्रक्रिया
- सम्पन्न क्रियाकलाप
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाइ
- समस्या तथा सवालहरु
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्ष

**प्रमाणिकरण**

**वेद बहादुर थापा**

**गाउँपालिका अध्यक्ष**

**प्रमाणिकरण मिति :- २०७८/१२/०५**

**आज्ञाले**

**बाबुराम पल्ली**

**प्रमुख प्रशासकीय अधिकृत**